## 'किभिड-१९ को सन्दर्भमा कोपासा (COPASAH) को एक्यबद्दता सन्देश'

आदरणीय साथीहरु, सहकर्मीहरु र सम्बन्धित सम्पुर्ण व्यक्तित्वहरु ,

यो विषम परिस्थितिमा, स्वास्थ्यमा उत्तरदायित्व र सामाजिक कार्यका निम्ति अभ्यासकर्ताहरूको समुदाय (COPASAH ) को तर्फबाट हामी एक्यबद्दता जनाउन चाहान्छौ । अहिले अभ्यासकर्ताहरू र जनहितको वकालत गर्नेहरु, सिमान्तकृत जनताको स्वास्थ्यका निम्ति अग्रपंक्तिका रक्षकका रुपमा छ्न । विश्वब्यापी रुपमा फैलिरहेको कोरोना महामारीले प्रभावित बिरामीहरु र यस महामारी रोक्न लागिपर्नुभएका सम्पुर्णलाई सम्झिएका छौं ।

विभिन्न संघसंस्था साथै तिनका सदस्यहरु र विश्वभर कार्यरत चिकित्सकहरु - अभियन्ताहरु, अग्रपंक्तिका स्वास्थ्यसेवा प्रदायक लगायतका स्वास्थ्यकर्मीहरु, अनुसन्धानकर्ता एवम शिक्षा सम्बद्ध ब्यक्तिहरु साथै जोखिमपूर्ण समुदायको हितका निम्ति कार्यरत संस्थाहरुसँग सम्बद्ध भइ काम गर्न पाउँदा कोपासा (COPASAH) लाई गर्व महसुस हुन्छ । विश्वव्यापी महामारी किभिड-१९ को रोकथामका कार्यहरु र यो जिम्मेवारी पारदर्शी रुपमा बहन गर्ने अभ्यासकर्ताहरुबाट कोपासा (COPASAH) का संचालक परिषद र सचिवालय, उत्साहित एवम उत्प्रेरित छौं ।

कोभिड-१९ को विश्वव्यापी महामारीले हाम्रा विद्यमान कमजोर स्वस्थ्य पद्दतिलाई चुनौती दिएको छ । अब भने हाम्रा देशहरुका नेतृत्वहरुलाई ; जनस्वास्थ्यका स्रोतको अभिवृद्धि गर्न, उचित आपतकालीन बजेटको बिनियोजन गर्दा स्वास्थ्यकर्मीले पाउनुपर्ने व्यक्तिगत सुरक्षा सामाग्रीको सुनिश्चितता गर्नका साथसाथै स्वास्थ्य संस्थाहरुमा स्वच्छ पानी र साबुनले हात धुने लगायतका संक्रमणको जोखिम रोक्ने प्रबन्ध गर्न झक्झकाउने र पैरवी गर्ने बेला भएको छ । यस सन्दर्भमा, विश्व स्वास्थ्य संगठनका महानिर्देशक डा टेड्रोसले कोभिड-१९ को महामारीको अवस्थामा यसबाट जोगिनका निम्ति सबैलाई हात धुन आव्हान गरेको स्मरणीय छ ।

हालै १३ मार्च २०२० मा जारी हातधुने सम्बन्धि युनिसेफको तथ्यपृष्ठ ( फ्याक्ट सिट) ले समेत उजागर गरेको छ - "उपयुक्त तरिकाले साबुन पानीले हात धुनु कोभिड-१९ सँग लड्ने महत्वपुर्ण उपाय भएपनि दसौं लाख मानिसहरुको पहुँचमा हात धुने सुविधा छैन, अहिलेको तथ्यांक अनुसार जम्माजम्मी विश्वका प्रत्यक ५ जना मध्य ३ जनाले मात्र सामान्य हात धुने सुबिधा उपभोग गरिरहेका छन ।"

उक्त तथ्यपृष्ठले निम्नलिखित कुराहरुलाइ समेत बिशेष जोड दिएको छ :

- विश्वको ४०% जनसंख्या अथवा करिब ३ अरब मानिसहरू घरमा साबुन पानी ले हात धुनबाट बन्चित छन । अतिकम विकसित देशहरुमा भने घरमा हात धुने सुबिधा बाट करिब तीन चैथाइ मानिसहरू बन्चित छ्न ।
- करिब ४७% विद्यालयहरु साबुन पानीले हात घुने सुविधा दिन सकिरहेका छैनन् जसका कारण उक्त असुबिधाले करिब ९० करोड विद्यार्थीहरुलाइ प्रत्यक्ष रुपमा असर गरिरहेको छ । विश्वका एक तिहाइ विद्यालयहरु र अतिकम विकसित देशका आधा विद्यालयहरुमा बालबालिकाहरुका निम्ति हात धुने ठाउँको ब्यबस्था नै गरिएको छैन ।
- १६% स्वास्थ्य संस्थाहरु अथवा करिब ६ मध्ये १ संस्थामा हातधुने उचित ब्यबस्था छैन जसमा शौचालयमा समेत साबुन पानीले हातधुने सुविधा उपलब्ध छैन ।

कोरोना भाइरसले, जनस्वास्थ्यको आधारभूत विधिका रुपमा रहेका स्वच्छ पिउने पानी र हातको सरसफाइ जस्ता आधारभूत सुविधामा समेत जोखिममा बाँचेका समुदायको पहुँच छैन भन्ने उजागर गरिदिएको छ । अहिलेनै पनि, धैरैजसो देशहरुमा अग्रपंक्तिमा रहेर स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरु नै पनि साधारण मास्क र ग्लोब्स जस्ता सुरक्षाका साधनहरुको अपर्याप्तताले आफैलाइ कोभिड १९ जस्ता संक्रमणको जोखिमबाट बचाउन र अरुलाइ संक्रमण सर्न नदिन संर्घर्ष गर्दैछ्न् ।

जनताको स्वास्थ्यको रक्षकहरु र स्वास्थ्यकर्मीहरुको समुहको रुपमा यो विषम परिस्थिमा हामी निम्नलिखित कुरामा ध्यानाकर्षण गराउन चाहन्छौं :

- स्वास्थ्यकर्मीहरुको सुरक्षाका सामाग्रीहरुसम्मको पहुचमा कठिनाइ !
- मास्क, ग्लोब्स, स्यानिटाइजर जस्ता सुरक्षा सामाग्रीहरुमा जनताहरु र विशेष गरि जोखिममा रहेका समुदायको पहुचमा कठिनाइ !
- परिक्षणमा पहुँचका बाधा ब्यबधान : धेरै देशहरु, परिक्षणको उपलब्धतामा कमी महसुस गर्दैछ्न र उनीहरु अल्गोरिदमका आधारमा परिक्षणका निम्ति निशुल्क रुपमा सरकारी अस्पतालमा रिफर गर्नुपर्ने हो कि होइन छुट्याई रहेकाछन् । अर्कातिर निजी स्वास्थ्य संस्थाहरुमा हुने परिक्षणमा अनियमित तथा अत्याधिक महङ्गो सेवा सुविधा छ जसलाई प्रभावकारी ढंगले नियमन गर्न आवश्यक छ ।
- धेरै व्यक्तिले सामना गरेको आर्थिक कठिनाइहरूबाट रक्षा गर्न अपर्याप्त संयन्त्रहरू छन् । केही सरकारहरूले औपचारिक क्षेत्रमा काम गरिरहेका मानिसहरूलाई अपर्याप्त भएपनि क्षतिपूर्ति दिनका लागि केही प्रयासहरू गरेका छन् । तर जोखिममा रहेका समुदाय तथा अनौपचारिक क्षेत्रमा काम गर्ने अधिकांश सीमान्तकृत समूहहरूका लागि उपायहरू छँदैछैनन् वा न्यून छन् ।
- कतिपय क्षेत्रमा आधिकारिक ब्यक्तिहरुबाट नै कोभिड-१९ का बिरामीहरुको र क्वारेन्टाइनमा रहेका ब्यक्तिको गोपनियताको ख्याल नगरी नाम र ठेगाना खुला रुपमै सार्वजनिक गरिदिनाले र यसरी सार्वजनिक हुँदा मानिसहरूको स्वास्थ्यकर्मी प्रतिको विश्वास हराउन सक्ने सम्भावना हुन्छ ।
- केही क्षेत्रमा स्वास्थ्यकर्मीहरुको अधिकारको सुरक्षाको पनि कुरा उठेका छ्न् । उदाहरणका लागि गर्भवती महिला, प्राणघातक रोगका बिरामीहरु, अपाङ्ग बालबालिकाका अभिभावकहरु । तर धेरै क्षेत्रमा भने यस्ता कुराले खासै अर्थ पाएको देखिदैन । र कयौं ब्यक्तिहरु प्रतिकुल परिस्थितिमा काम गर्न बाध्य पारिएका छन् भने कयौंले आफ्नो जागिर समेत छोड्नु परेका घटना छन् ।

हामी सबै सरकारहरुलाई यस कठिन घडिमा सामाजिक स्वास्थ संयन्त्र बलियो बनाउन र जोखिमपूर्ण अनि अल्पसंख्यक तथा  सीमान्तकृत समुदायलाइ स्वास्थ्यको प्रत्याभूत गराउन आव्हान गर्दछौ । यस महामारीको वर्तमान अवस्थामा, आवश्यकता अनुरुप स्वास्थ क्षेत्रका निजी स्रोत-साधनलाई पनि नियमन गरि सार्वजनिक स्वास्थ्य संयन्त्रभित्र समेटेर प्रभावित मानिसहरुलाइ उपयुक्त सेवा सुविधा दिन आवश्यक भइसकेको छ ।

हामी सम्पुर्ण स्वास्थ्यकर्मीहरु र स्वस्थ्य सम्बद्ध अधिकारकर्मीहरुलाई यस कोभिड - १९ को महामारीको सामना गर्नका निम्ति जनचेतना जगाउँन साथै सरकार र स्वास्थ सम्बद्ध संयन्त्रहरुलाई अत्यावश्यक कार्यहरु गराउनका निम्ति पहल गर्न आव्हान गर्दछौ ।

यस कठिन घडिमा प्रत्यक्ष रुपमा प्रभावित समुदाय, भेदभावमा परेका, सीमान्तकृत एवम् पिछडिएका समुदायहरुका साथसाथै महामारी बिरुद्ध अग्रपंक्तिमा डटिरहेका स्वास्थ्यकर्मीहरु सबैमा हामी एक्यबद्दता जनाउन चाहन्छौं ।

एक्यबद्दता !

कोपासा (COPASAH) का संचालक परिषद र सचिवालय

***The Global Co-conveners, Steering Committee and the Global Secretariat - COPASAH***

*Dr. Abhijit Das, New Delhi, India; Dr Aminu Magashi Garba, Abuja, Nigeria; Dr. Walter Flores, Guatemala; Dr. Ariel Frisancho, Peru; Renu Khanna, India; Dr. Abhay Shukla, India; Advocate Moses Mulumba, Uganda; Dr. Borjan Pavolvski, Macedonia; Dr. E. Premdas Pinto, India*

Nepali Translation by – Dr. Lila Bahadur Basnet